नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np

प.सं.

मितिः२०७८ कार्तिक १० गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन बिगतदेखि नै स्वच्छ, स्वतन्त्र, सक्षम, निष्पक्ष र पारदर्शी न्यायपालिकाको पक्षमा सँधै प्रतिवद्ध रहि आएको छ । कुनै पनि निकायमा विकृति, विसंगति, विचौलिया, भ्रष्ट्राचार हुनु हुँदैन, न्यायपालिकामा त झन हुँदैन । यस्ता गलत क्रियाकलापहरु रोक्न नेबाएले पटक-पटक सम्मानित सर्वोच्च अदालत, प्रधान न्यायाधीश र न्याय परिषद्को ध्यानार्षण गराई आईरहेकोमा सुधारको सकारात्मक सन्देश नआएको र विकृति, विसंगति तथा न्यायिक विचलन कायमै रहेको, प्रधान न्यायाधीशज्यूले सहकर्मी न्यायाधीशको विश्वास लिन नसकेको लगायतका समग्र बस्तुस्थितिको मूल्याङ्कन गरि नेबाएले मिति २०७८/०७/०९ गते प्रधान न्यायाधीशज्यूको राजिनामा माग गरेको र केहि दिनदेखि सर्वोच्च अदालतमा मुद्दाका सुनुवाईहरु प्रभावित हुन पुगेका छन् । यसबाट सर्वोच्च अदालतका सेवाग्राहीहरुलाई केहि असुविधा पर्न गएको कुरामा हामी जानकार छौं ।

न्यायपालिकामा बिगत केहि वर्षदेखि विकृति, विसंगति बढ्दै गएको, सबैलाई समान, सहज र निष्पक्ष न्याय प्राप्त नभएको विषय गम्भीर चासो र सरोकारको विषयलाई सम्बोधन गरि, सुधारका कार्य थालनी गर्न प्रधान न्यायाधीशबाट राजिनामा दिई निकास दिन नेबाएले जोडदार माग गरेको छ । न्यायपालिका सुधारका कार्यक्रमहरु लागू गराउने समेतका कार्यमा नेबाए, न्याय तथा कानूनी क्षेत्रका व्यक्तिहरु र सेवाग्राही लगायत आम नागरिकहरुको पनि सहयोग अपेक्षित रहन्छ । तसर्थ यस पुनित कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ । न्यायपालिकाको समग्र सुधारका अभियान शुरु गर्दा केहि दिन पेशी सुनुवाई स्थगित हुन सक्ने अवस्था देखिएको छ । अनपेक्षित तर अनिवार्य परिस्थिति सिर्जना भएकोले न्यायका उपभोक्ता तथा समस्त सेवाग्राहीहरुमा पर्न जाने असुविधाका लागि क्षमाप्रार्थी छौं । केहि दिन धैर्यधारण गरि न्यायिक सुधारका कार्यमा सहयोग पुऱ्याउन पुनः हार्दिक अनुरोध गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव